रतुवामाई नगरपालिका मोरङ

वस्तुगत विवरण

(MUNICIPALITY PROFILE)

रतुवामाई नगर कार्यपालिका

कार्यालय

सिजुवा

प्रदेश नं.-१

मोरङ,

२०७४

रतुवामाई नगरपालिकाको संक्षिप्त परिचय

१. राजनैतिक तथा प्रशासनिक सिमाना

पूर्व तर्फ:	झापा जिल्ला
पश्चिम तर्फ:	सुनकोसी र पनरी भलिबजार नगरपालिका
उत्तर तर्फ :	उर्लाबारी नगरपालिका
दक्षिण तर्फ:	भारत

२. राजनैतिक तथा प्रशासनिक विभाजन

बरहदमा गाविसको वडा नं. १,४,५ र ७ लाई	रतुवामाई नपाको वडा नं. १
भुर्किया गाविसका १,३,४,५ र ६ नं. वडाहरुलाई	रतुवामाई नपाको वडा नं. २
महादेवा गाविसका १ देखि ९ नं. वडाहरुलाई	रतुवामाई नपाको वडा नं. ३
भुर्किया गाविसका २,७,८ र ९ नं. वडाहरुलाई	रतुवामाई नपाको वडा नं. ४
गोविन्दपुर गाविसका १,३,४ र ७ नं. वडाहरुलाई	रतुवामाई नपाको वडा नं. ५
सिजुवा गाविसका १,४,७,८ र ९ नं. वडाहरुलाई	रतुवामाई नपाको वडा नं. ६
सिजुवा गाविसका १,९,३ र ६ नं. वडाहरुलाई	रतुवामाई नपाको वडा नं. ७
इटहरा गाविसका ६,७ र ९ नं. वडाहरुलाई	रतुवामाई नपाको वडा नं. ८
इटहरा गाविसका ३,४ र ५ नं. वडाहरुलाई	रतुवामाई नपाको वडा नं. ९
इटहरा गाविसका १,२ र ८ नं. वडाहरुलाई	रतुवामाई नपाको वडा नं. १०

३. भौगोलिक अवस्था/उपयोग तथा क्षेत्रफल

भौगोलिक अवस्था:	अर्ध तराई
क्षेत्रफल:	१४२.१४ वर्ग कि.मी.
कृषियोग्य जमिन	१२१४० हेक्टर
कृषि क्षेत्र:	८५ प्रतिशत
गैरकृषि क्षेत्र:	१५ प्रतिशत
सहकारी संस्थाका सदस्य	१४३३५ जना
समुद्र सतहदेखिको उचाई	५५ मिटर
तापक्रम	८ देखि ३४ डिग्री
औसत वर्षा	१०७० मिलिमिटर

४. जनसंख्या

	२०६८ साल	२०७४ साल
घरपरिवार संख्या :	१९४८१	
कुल जनसंख्या:	४४३८०	४६९४४
महिला:	२९०४३	३०००९
पुरुष:	२६४२१	२६४३५
३ वर्षभन्दा कमको संख्या	४३०८ जना	
आदिवासी जनजाति	२०३७९ जना	
दलित	४९.४१	
मधेशी पिछडावर्ग	११३८४	
अन्यजातजाति	१८६८६	

जनसंख्या वृद्धिदर ०.४७ प्रतिशत

लैङ्गिक अनुपात	९०६८ जना
प्रथम विवाह गर्दाको उमेर	२१ वर्ष पुरुष
प्रथम विवाह गर्दाको उमेर	१७.९७ वर्ष महिला

४.शैक्षिक स्थिति

कुल साक्षरता:	६७.१३ %
पुरुष	७८.६९ %
महिला	५८.६१ %
आदिवासी जनजाति	६६.०८ %
दलित वर्ग	५६.८९ %
मधेशी पिछडावर्ग	५२.३३ %
अन्य जात	७९.४१ %

५. घरको अवस्था

खरको छाना भएको घर	३२५९ घर
जस्तापाताले छाएको घर	८८९४
छत ढलाई भएको	१५३

विषयसूची

परिच्छेद एक
वस्तुगत विवरण तयारीको परिचय

पृष्ठभूमि १

मुख्य उद्देश्यहरू २

महत्व २

प्रयोग गरिएका विधिहरू ३

सूचनाहरू विश्लेषण र प्रस्तुतिकरण ३

वस्तुगत विवरणको सिमा ४

परिच्छेद दुई
रतुवामाई नगरपालिकाको परिचय

ऐतिहासिक पृष्ठभूमि ५

नामकरण ५

अवस्थिति ५

सिमाना ६

क्षेत्रफल ६

भौगोलिक स्वरूप ६

स्थानीय चाडपर्व तथा जात्रा र मेलाहरूको विवरण ६

पर्यटकीय स्थानहरूको विवरण ७

वर्तमान भूउपयोगसम्बन्धी विवरण ८

सिंचित क्षेत्रफल ८

जनसंख्या, वस्तीसम्बन्धी विवरण ९

सरकारी तथा सार्वजनिक जमिनहरूको विवरण ९

परिच्छेद तीन
आधारभुत तथ्यांक विश्लेषण
खण्ड एक
जातिगत विवरण

जनसंख्याको विवरण १०

जनसंख्या प्रक्षेपण ११
लिंगअनुसार घरमुली १२
समूहगत ढुंगेरको जनसंख्या १३
ढुंगेर समूह तथा लिंगअनुसारको जनसंख्या १५
जातिगत जनसंख्या १५
जातिगत समूहको जनसंख्या १९
मातृभाषा अनुसारको जनसंख्या ३१
धर्मअनुसारको जनसंख्या ३३
साक्षरता ३५
जातिगत समूहको साक्षरता ३७
तृतीय लिंगको तह ४०
विद्यालय जाने ४१
शैक्षिक अवस्था ४४
अशक्तता ४७

खण्ड दुई

घरायसी तथा पारिवारिक विवरण

घरको स्वामित्व र किसिम ४७
घरको छाना ४९
साधन र सुविधाको प्रयोग ५१
खानेपानी ५४
इन्धनको स्रोत ५५
शौचालयको व्यवस्था ५७
महिलाका नाममा घर ५८

खण्ड तीन

विविध विवरणहरू

अशक्तता परिचयपत्र लिएका ६०

आवास आत्मनिर्भरताको अवस्था	६०
परिवारको स्वामित्वमा रहेको जग्गाजमिनसम्बन्धी विवरण	६०
आव २०७९।८७ को परिजकरणको विवरण	६१
आव २०७९।८७ को नागरिकता तथा अन्य सिफारिस	६२
सामाजिक सुरक्षा भत्ता पाउने विवरण	६२
शैक्षिक संस्था विवरण	६२
विद्यालयमा अध्ययन गरिरहेका छात्रछात्राको विवरण	६३
बालविकास केन्द्रको विवरण	६३
विद्यालयमा शौचालयको विवरण	६४
तहगत शिक्षक विवरण	६४
विद्यमान स्वास्थ्य सेवाहरू	६४
खोपसेवाको विवरण	६५
खोपसेवा छोड्ने बालबालिकाको अवस्था	६६
विगत ३ वर्षको पोषणको अवस्था	६६
कामदारका रूपमा बाहिर गएका बालबालिका	६६
अतिरिक्त बालबालिकाको प्रकार	६७
स्वास्थ्यसम्बन्धी सूचकांक	६७
बालअवस्थाको विवरण	६७
जन्मदर्ता भएका बालबालिकाको संख्या	६७
अभिभावक शिक्षासम्बन्धी विवरण	६८
बालाधरण तथा सरसफाई	६८
फोहरमैला व्यवस्थापन	६८
खानेपानी केन्द्र	६८
पशुसेवा केन्द्र	६९

दूरसञ्चार सेवाकेन्द्र	६९
नगरपालिकाका हालका भवनहरू	६९
बस पार्क र बस स्टेण्ड	६९
सिंचाईको श्रोत	७०
तालतलैया र प्राकृतिक पोखरीको नाम	७०
टाढाको बस्तिबाट नगरपालिकामा पुगिने अनुमानित समय	७०
बैंक तथा वित्तिय संस्था	७१
खुल्ला क्षेत्र	७१
चरन, अचरन सम्पत्ति	७१
धार्मिक स्थलको नाम	७२
सडक सञ्जालको वर्तमान अवस्था	७४
निर्माणाधिन सार्वजनीक सडकहरू	७५
सदर परिसर बिएर चलेका सवारी साधन	७५
सार्वे क्षेत्रमा चल्ने सवारी साधन	७५
विद्यमान सडक ढलको अवस्था	७६
सार्वजनिक शौचालयसम्बन्धी विवरण	७६
फोहोरमैला भएको क्षतिसम्बन्धी विवरण	७६
विपद अवस्थापन पूर्व तयारी	७७
खानेपानी विद्युतीकरण	७७
पुरस्कारसम्बन्धी विवरण	७७
जोखिमे पुलपुर्ऐसासम्बन्धी विवरण	७८
व्यापारिक केन्द्रको विवरण	७८
सामुदायिक भवनको विवरण	७८
सार्वजनिक पार्क, पौवा र पौवाहरु	७८

क्षेत्रफलसम्बन्धी विवरण	७७
वन, वनस्पति र जडीबुटीसम्बन्धी विवरण	७८
जनचेतनामूलक तालिम प्राप्त गरेको जनसङ्ख्या	७९
मुख्य पेशा र व्यवसाय	७९
औसत मासिक पारिवारिक आम्दानी	८०
औसत मासिक पारिवारिक बचत	८०
वार्षिक कृषि उत्पादन सम्बन्धी सूचना	८१
पशुधन	८१
गाउँबाट बाहिर निकासी हुने वस्तुहरू	८१
औद्योगिक तथा व्यापार व्यवसाय	८२
विगत ५ आर्थिक वर्षको आयव्ययको विवरण	८४
गाउँपालिकाका प्रमुखको विवरण	८५
एघारौँपालिकाको विवरण	८६
बेरोजगार सङ्ख्याक	८५
अवसर, सुनौति र सम्भावनाहरू	८५
सन्दर्भग्रन्थसूची	
परिशिष्टहरू	

परिच्छेद एक

वस्तुगत विवरण निर्माणको परिचय

पृष्ठभूमि

नेपाल सरकारले जनताको घरदैलोसम्म सरकारी सेवा र सुविधा पुऱ्याउने उद्देश्यले गाउँपालिका र नगरपालिकाहरू गठन गरेको हो । केन्द्रीकृत सेवा सुविधा गाउँ र नगरपालिकासम्म विकेन्द्रित हुँदा सरकारी सेवा लिन केन्द्रसम्म धाउनुपर्ने बाध्यताबाट जनतालाई उन्मुक्ति पाएका छन् । लोकतान्त्रिक पद्धतिमा चल्ती सेवा आफूले गाउँघरमा नै पाउन जनताको नैसर्गिक अधिकार पनि हो । यतिबाट सबैतर आफ्नो गाउँ र नगरपालिका विकास सम्बन्धित सूचनाहरू पाउने अधिकार पनि सबै नागरिकको रहेको हुन्छ । नगरपालिकाको वस्तुगत विवरण तयारीबाट नगरवासिका सूचनाहरू एकत्रित हुने र प्रवाह गर्ने सरल हुने आशाले यो वस्तुगत विवरण तयार गर्ने प्रयास गरिएको हो ।

हालसालै गाउँपालिका र नगरपालिकाहरू घोषणा हुँदा पुराना गाउँ विकास समिति र नगरपालिकाको संरचनामा व्यापक हेरफेर भएको छ । तसर्थ यी क्षेत्रमा विकास निर्माणका कार्य सञ्चालन गर्नका लागि तथ्यांकहरूको अभाव छ । गाउँपालिका र नगरपालिकामा योजना निर्माणका लागि तथा विकास निर्माणका कार्य गर्न यथार्थ सूचनाको आवश्यकता पर्दछ । तर धरापुरी भौगोलिकहरूबाट प्राथमिक तथ्यांक संकलन गरी सूचना प्रवाह गर्न ठूलो खर्च र धेरैजो समय लाग्ने गर्दछ । यसरी अवस्थामा छोटो समयमा तथा कम खर्चमा तथ्यांकको आवश्यकता पूरा गर्ने उद्देश्यले जनसंख्या २०६८ को प्रतिवेदनलाई आधार मानेर यो पार्श्वचित्र निर्माण गरिएको छ । यसले तथ्यांकका लागि सीजनाहरू सञ्चालन गर्न सरल हुने छ ।

सामान्य अर्थमा जुनै पनि व्यक्ति, संस्था, घटना, प्रक्रिया वा विशेषताका बारेको तथ्य वा विस्तृत विवरणलाई सूचना भनिन्छ । सूचना गाउँ र नगरपालिकाहरूका विविध प्रकारका जानकारी दिने विषयवस्तु हुन् । सूचनाहरू संकलनका आधारमा दुई प्रकारका हुन्छन्, जुन प्राथमिक र द्वितीयक सूचना हुन् । प्राथमिक सूचना संकलकले आफैले सम्बन्धित क्षेत्रमा गएर संकलन गर्दछ भने अर्कोले संकलन गरेर प्रयोग गरेका सूचनालाई द्वितीयक सूचना भनिन्छ । सूचनाहरूलाई संकलन, प्रशोधन (तालिकीकरण), व्याख्या वा विश्लेषण तथा प्रकाशन गर्ने सम्पूर्ण कार्यहरू सूचना व्यवस्थापन अन्तर्गत पर्दछन् । आवश्यकता अनुसार चाहिएको मात्रामा र समयमा सूचना प्राप्त गर्ने सकिनेछ भन्ने उद्देश्यले सूचना व्यवस्थापन गरिन्छ । व्यवस्थित गरिएको सूचनालाई आवश्यक मात्रामा निकाल र प्रयोग गर्न सकिने हुनु पर्दछ । सूचना व्यवस्थापन गर्दा सबै वा अत्यावश्यक मात्रामा उपलब्ध गराउने मुख्य विषय छुट्टने वा ओझेलमा पर्ने सम्भावना हुन्छ । सूचना व्यवस्थापनबाट यसमा हुनसक्ने त्रुटिमा पनि कमी आउने गर्दछ ।

गाउँ र नगरको विकास, निर्माण र सार्वजनिक सेवा प्रवाह गर्नका लागि यथार्थपरक सूचनाको आवश्यकता पर्दछ । साथै गाउँपालिका भित्रका सूचना संकलन र तिनको व्यवस्थापन गर्ने जिम्मेवारी पनि गाउँपालिकाको नै हुने गर्दछ । तर हालसम्म धरापुरी घोषणा भएका गाउँ र नगरपालिकाहरूको वस्तुगत विवरण तयारीका लागि स्पष्ट तथा एउटै खाका तयार भएको पाइँदैन । तसर्थ अलगअलग गाउँपालिका तथा नगरपालिकाले तयार गरेका वस्तुगत विवरणको ढाँचामा पनि

जरूरी पर्दछ । यस अध्ययनले सम्बन्धित क्षेत्रको वास्तविक वस्तुस्थिति पहिचान गरी भावि विकास योजना र रणनीतिहरू तर्जुमा गर्न तथा विकासका विभिन्न प्रकारका कियाकलापहरू संचालन गर्न विशेष महत्व राख्ने स्पष्ट छ । यसका अतिरिक्त प्रस्तुत वस्तुगत विवरण सम्बन्धित क्षेत्रका संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, विकासका चिन्तक र समाजसेवी लगायत जिज्ञाशु महानुभावहरूलाई समेत उपयोगी हुने भएकोले प्रस्तुत वस्तुगत विवरण तयारी कार्य महत्वपूर्ण रहेको छ । तसर्थ यस नगरपालिकाको पाश्वचित्र निर्माण गर्ने कार्य गरिएको हो ।

प्रयोग गरिएका विधिहरू

नगरपालिकाको वस्तुगत विवरणको ढाँचा तयारीका लागि विगतमा तयार भएका विभिन्न वस्तुगत विवरणहरूको अध्ययन, सहस्राब्दी विकास लक्ष्यका सूचकहरूको अध्ययन, जिल्ला सूचना व्यवस्थापन सम्बन्धी दिग्दर्शन र विगतमा तयार पारिएका नगर विकास योजना तर्जुमा मस्यौदा निर्देशिका आदि सामग्रीहरूको अध्ययन गरिएको छ । यसका साथै यस क्षेत्रका विज्ञहरूसँग गरेको परामर्शलाई पनि आधार लिएर अध्ययन विधि निक्योल गरिएको छ । यसरी वस्तुगत विवरण तथा सूचना संकलनको विधि निर्धारण गरेपछि तथ्यांक या सूचना संकलन गर्ने तथा अनुसन्धानात्मक ढङ्गमा त्यसलाई विश्लेषण तथा प्रस्तुतिकरण गर्ने कार्य गरिएको छ । यसबाट सूचनाहरूको सत्यतामा अभिवृद्धि भएको छ भने दोहोरोपना पनि हटेर गएको छ । यहाँ प्रस्तुत सूचनाहरू जनगणना २०६८ को प्रतिवेदन तथा स्थलगत अध्ययनबाट पनि संकलन गरिएका छन् । सम्बन्धित क्षेत्रको अवलोकन गर्ने, छलफल गर्ने तथा छनौट भएका सम्बद्ध व्यक्तिहरूलाई प्रश्नावली भराएर पनि सूचना संकलन गरिएका छन् । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले दिएको ढाँचाका आधारमा नै यसका सूचनाहरू संकलन र प्रकाशन गरिएका छन् ।

नगरपालिकाको वस्तुगत विवरण तयारीका लागि सर्वप्रथम जनगणनाको प्रतिवेदनलाई अध्ययन गरिएको छ । यसमा विभिन्न संघसंस्था र कार्यालयका प्रतिवेदनलाई पनि आधार मानिएको छ । यसका साथै स्थानीय मानिसहरूसँगको छलफलबाट पनि केही तथ्यांक संकलन गरिएका छन् । यसरी विभिन्न क्षेत्रबाट सूचनाहरू प्राप्त भएपछि तिनीहरूलाई विश्लेषण गरिएको छ । यसका लागि वर्णनात्मक, तुलनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ । यसैगरी जिल्ला तहमा उपलब्ध प्रकाशित तथा अप्रकाशित द्वितीयक सूचनाका श्रोतहरू र विभिन्न संघसंस्थाका प्रतिवेदनहरूको समेत अध्ययन, तुलना र विश्लेषण गरी समग्र गाउँपालिकाको अवस्था झल्कने गरी वस्तुगत विवरण तयार पारिएको छ ।

सूचना विश्लेषण र प्रस्तुतिकरण

वस्तुगत विवरण तयारीका क्रममा सूचना संकलन, जनगणना प्रतिवेदनको अध्ययन र स्थानीय मानिसहरूसँग छलफल गरेपछि प्राप्त भएका तथ्यांकलाई CSPro 3.3 सफ्टवेयरमा डाटा इन्ट्री गरी तथ्यांकको सामाजिक विज्ञानको तथ्यांकीय कार्यक्रमको विधि (SPSS 11.2) बाट विश्लेषण गर्ने काम गरिएको छ । प्राथमिक तथ्यांकको विश्लेषणका लागि द्वीतियक श्रोतसँग तुलना गरिएको छ । प्राप्त तथ्यांकलाई विश्लेषण गरी नक्सा, तालिका, चित्र तथा वृत्तचित्रमा समेत प्रस्तुत गरिएको छ । प्राप्त सूचनालाई वर्णनात्मक तथ्यांकीय विधिबाट विश्लेषण गरिएको छ । गाउँपालिकाको समग्र

स्थितिको विश्लेषण गरी यो पार्श्वचित्र तयार पार्ने क्रममा विभिन्न विषयवस्तुलाई विभिन्न प्रकारका सूचकका रूपमा प्रयोग गरिएको छ।

वस्तुगत विवरणको क्षेत्र र सीमा

प्रस्तुत वस्तुगत विवरणको अध्ययन क्षेत्र विस्तृत भएको हुँदा यसको उद्देश्यले दर्साएका विषयवस्तुलाई नै मुख्य क्षेत्रको रूपमा लिईएको छ। साधन, श्रोत, समय, लागत र सूचना लगायत अन्य विषयवस्तुहरूको सिमितताका कारणले जुनसुकै अध्ययन पनि केही निश्चित सीमा भित्र बाँधिएको हुन्छ। छोटो समयमा र कम खर्चमा पार्श्वचित्र निर्माण गर्नुपर्ने बाध्यता रहेको हुँदा जनगणनाको प्रतिवेदनलाई आधार मानिएको छ। यता विभिन्न संघसंस्थाका प्रतिवेदनलाई पनि यसमा आधार मानिएको छ। प्राथमिक तथ्यांक संकलनका लागि भने घरधुरी सर्वेक्षण गर्न धेरै समय लाग्ने हुनाले स्थानीय मानिसहरूसँग छलफल गर्ने, निश्चित व्यक्तिलाई छोटो प्रश्नावली भराउने तथा पुराना प्रतिवेदनबाट पनि सूचनाहरू लिने गरिएको छ।

प्रस्तुत वस्तुगत विवरणका सीमाका विषयमा यसमा रतुवामाई नगपालिका भित्रका सूचनामात्र समाविष्ट छन्। यसका लागि प्राथमिक र द्वितीयक दुवै प्रकारका स्रोतसामग्रीको प्रयोग गरी सूचना संकलन गरिएको छ। विशेषगरी स्थलगत सर्वेक्षण गर्ने क्रममा स्थानीय मानिसहरूसँग छलफल गरिएको छ। यस बाहेक जनगणना २०६८ को प्रतिवेदन, गाविसहरूका रेकर्ड, स्थानीय समुदायसँगको छलफल तथा अन्तरकृयाबाट पनि महत्वपूर्ण तथ्यांक संकलन गरिएको छ। सम्बद्ध कार्यालयहरूका प्रतिवेदनलाई पनि सूचनाको स्रोत मानिएको छ। तिनका प्रकाशित र अप्रकासित दुवै प्रकारका प्रतिवेदनको पनि सहयोग लिएको छ। त्यसपछि प्राप्त सूचनाहरूलाई तालिकीकरण गर्ने र विश्लेषण गर्ने कार्य गरी यो पार्श्वचित्र तयार पारिएको छ।

परिच्छेद दुई

रतुवामाई नगरपालिकाको परिचय

ऐतिहासिक पृष्ठभूमि

मोरङको रतुवामाई नगरपालिका जिल्लाको दक्षिण पूर्वी भागमा पर्दछ । यो नगरपालिकाको सबै भूभाग सम्म परेको तराईको क्षेत्रमा अवस्थित छ । मोरङको सिजुवा, बरङगा, गोविन्दपुर, झुर्किया, महादेवा र इटहरा लगायतका क्षेत्रलाई मिलाएर यो नगरपालिका स्थापना गरिएको हो । यस भेगमा अघि धेरै पहिलेदेखि मानिसहरूको बसोबास भएको देखिन्छ । अघि मोरङ भेग झाडीका रूपमा रहँदा पनि यस भेगका खोला किनाराहरूमा स्थानीय आदिवासीहरूको बसोबास थियो । यस नगरपालिका भित्रका विभिन्न भागमा अहिले पनि त्यस्तो पुरानो बसोबासको केन्द्रका अवशेषहरू पाउन सकिन्छ । रतुवा र बकाहा खोलाको बीच तथा मोरङको दक्षिण पूर्वी भागमा यो नगरपालिका अवस्थित छ ।

अघि रतुवामाई क्षेत्र विभिन्न रजौटाहरूको अधीनमा थियो । अघि कुनै बेला यो स्थान प्राग्ज्योतिषपुरमा पर्दथ्यो भने पछि गएर यो भेग मत्स्यदेश भित्र पर्न पुग्यो । त्यस बेला रतुवामाई क्षेत्र विराटराजाको अधीनमा थियो । यसैगरी यो प्रदेश इसापूर्व कालमा नै पुण्ड्रवर्धनको महत्वपूर्ण क्षेत्रका रूपमा रह्यो भने मध्यकालताका यस भेगमा मुरेहांगको अस्तित्व रह्यो । त्यसपछि धनपाल, सुनवर्षि महाराज र अन्य रजौटाहरूको अधिनमा पर्दै रतुवामाई क्षेत्र पाल्पाली सेनहरूको अधिनमा पर्न पुग्यो । पाल्पाली सेनहरूले विजयपुर लगायतका क्षेत्र एकीकरण गर्दा यो भेग तिनको अधीनमा परेको हो । नेपाल एकीकरणको अभियान पछि भने सम्पूर्ण विजयपुर वृहत्तर नेपालमा गाभियो र यो भेग पनि स्वतहनै वृहत्तर नेपालमा पर्न पुग्यो । त्यसपछि यो भेग केही समयका लागि साँगुरीगढीबाट प्रशासित भयो । कालान्तरमा यस नगरपालिका क्षेत्रको प्रशासन मोरङ गोश्वाराबाट गर्न लागियो । यसको केन्द्र रंगेली थियो । वि.सं. १८७२ सालमा यस भेगको सदरमुकाम साँगुरीगढीबाट रंगेलीमा सारिएको हो । त्यसपछि पनि रतुवामाई नगरपालिका क्षेत्र निरन्तर रूपमा मोरङको सिमाभित्र पर्‍यो । पछि जिल्ला बिभाजनका क्रममा रतुवा खोलालाई सिमाना बनाएर यो क्षेत्र मोरङभित्र परेको हो ।

नामकरण

रतुवामाई नगरपालिकाको नामकरण यस नगरपालिकाको पूर्वतिर पर्ने रतुवा खोलाका नामका आधारमा रहेको हो । मोरङको पूर्वी सिमानाका रूपमा रतुवा खोला रहेको छ । रतुवा खोलालाई अघि रत्नमातृका भनिन्थ्यो । पछि यसैको अपभ्रंश भई रतुवा भन्न लागिएको हो । तसर्थ यस नगरपालिकाको नाम पनि रतुवामाई रहन गएको हो । यहाँ रत्नलाई रतुवा र भनियो भने माईलाई भने आमाका रूपमा यथावत राखेर रतुवामाई बनाइएको हो । रत्नमातृका नदी ऐतिहासिक कालमा निकै प्रख्यात थियो, किनकि यसको किनारी भागमा धुप्रै बस्तिहरू थिए । बुद्ध, अशोक र ह्वेनसांग नामक यात्रीहरूले यस भेगको भ्रमण गरेको ऐतिहासिक प्रमाणहरू पाइएका छन् । तसर्थ ऐतिहासिक रूपमा यो क्षेत्र अतिनै महत्वपूर्ण छ । यस नगरपालिकाको पश्चिमतिर भने बकाहा खोला पर्दछ । यस नगरपालिकाका इटहरा, महादेवा, झुर्किया र सिजुवाका सम्पूर्ण वडाहरू समावेश गरिएका छन् भने बरङगा र गोविन्दपुरका केही वडाहरू पनि यसमा समाविष्ट छन् ।

अवस्थिति

मोरङको दक्षिणपूर्वी भागमा पर्ने रतुवामाई नगरपालिका नक्सामा हेर्दा ठाडो आकारमा रहेको छ । यो नगरपालिका विभिन्न गाविसहरू मिलाएर वि.सं. २०७३ सालमा पुनर्निर्माण गरिएको हो ।

नगरपालिका निर्माणका क्रममा साविकको इटहरा गाविसका वडा नं १, २ र ८ लाई रतुवामाईको वडा नं १०, ३, ४ र ५ लाई ९ र ६, ७ र ९ लाई यसको वडा नं ८ बनाइएको छ । यसरी इटहरा गाविसका सबै वडालाई यस नगरपालिकाको ३ वटा वडाहरू बनाइएको देखिन्छ । यता सिजुवाका वडा नं. १, ३ र ६ लाई रतुवामाईको वडा नं ७ तथा वडा नं. ४, ५, ६, ७ र ९ लाई यस नगरपालिकाको वडा नं. ६ कायम गरिएको छ । गोविन्दपुरका वडाहरू १, ३, ४ र ७ लाई रतुवामाईको वडा नं. ५ तथा भुर्कियाको २, ७, ८ र ९ लाई वडा नं. ४ बनाइएको देखिन्छ । यता भुर्कियाकै वडा नं. १, ३, ४, ५ र ६ लाई यसको वडा नं. २ बनाइएको छ । यसैगरी महादेवाको वडा नं. १ देखि ९ सबैलाई रतुवामाईको वडा नं. ३ तथा बरडंगाको १, ४, ५ र ७ नं. वडालाई भने रतुवामाईको वडा नं. १ कायम गरिएको देखिन्छ । यसरी यस नगरपालिकामा जम्मा १० वटा वडाहरू बनाइएका छन् । यस नगरपालिकाको नाम भने यसका पश्चिमतिर रहेको रतुवा खोलाको नामका आधारमा राखिएको हो ।

सिमाना

रतुवामाई नगरपालिका मोरङको दक्षिणपूर्वी सिमानामा पर्दछ । यस नगरपालिकाको सिमाना दक्षिणतिर भारतको बिहार प्रान्त, पूर्वमा रतुवाखोला, पश्चिममा सुनवर्षी र पथरी नगरपालिका तथा उत्तरमा उर्लाबारी नगरपालिका पर्दछन् । यसको पूर्वतिर भने रतुवा खोलाले झापा जिल्लाबाट छुट्याएको छ । यस गाउँपालिकाको सम्पूर्ण भूभाग सम्म तराई भागमा पर्दछ । यसको भू-उपयोगको अवस्थामा अधिकांश भूभाग खेतियोग्य समतल जमिनले ढाकेको छ ।

क्षेत्रफल

रतुवामाई नगरपालिकाको क्षेत्रफल १४२.१५ व.कि.मी. रहेको छ । यसको अधिकांस भूभाग समतल भूभागले ढाकेको छ । यसको दक्षिणतिर ढाल परेर गएको देखिन्छ । यसलाई पूर्वतिरबाट रतुवा खोलाले सिमानाको काम गरेको छ । तसर्थ यसको पूर्वी भाग भने खोलाको बगरका रूपमा रहेको छ ।

भौगोलिक स्वरूप

मोरङको रतुवामाई नगरपालिकाको सम्पूर्ण क्षेत्र समतल छ । यहाँको माटो उर्वर छ र जमिन होचो देखिन्छ । यसको छेउछाउमा खोलाको बगर पनि प्रशस्तै छ । यस नगरपालिकाको पानीको ढाल भने दक्षिणतिर छ । तसर्थ यहाँका खोला उत्तरदक्षिण भएर बग्दछन् ।

स्थानीय चाडपर्व तथा जात्रा र मेलाहरूको विवरण

मोरङको रतुवामाई नगरपालिकामा अनेक प्रकारका मेला र चाडपर्व मनाउने चलन छ । विशेषगरी यहाँका आदिवासीहरूले ग्रामथानमा पूजाआजा गर्दछन् । यहाँ ग्रामथानहरूमा वैशाख महिनामा पूजाआजा हुने गरेको छ भने जेठ आषाढमा आषाढे पूजा हुने गरेको छ । रतुवामाईमा पर्ने सुनवर्षी पोखरी क्षेत्रको ग्रामथानमा पहिलो दिन वैशाख १ गतेनै मेला लाग्ने गर्दछ । यस बाहेक यहाँका मानिहरूले दुर्गापूजा, दिपावली, माघी, सकात, जितिया र छैट पर्व मनाउने गर्दछन् । यहाँका शिवालयहरूमा श्रावण महिनाभर पानी चढाउने मानिसहरूको भीडभाड लाग्ने गरेको छ ।

क्रम	चाडपर्व	जात्रा	मेलाहरूका नाम	मनाउने महिना	तिथि	मनाउने जातजाति
१			सुनवर्षीमेला	वैशाख १ गते		तराईका विभिन्न जाति तथा अन्य जनजाति
२			डंगडंगे मेला	जेष्ठ ५ र ६ गते		तराई आदिवासी,

						जनजाति र अन्य
३	लक्ष्मीपूजा, माघी दशहरा, फगुवा, शिवरात्री, भुलन र अन्य पर्वहरू			विभिन्न महिना	विभिन्न तिथिहरू	तराईका प्राय सबै जातजाति
४	दशै, तिहार, माघेसंक्रान्ति, साउने संक्रान्ति, तीज, शिवरात्री, चैतेदशै आदि			विभिन्न महिना		क्षेत्री, बाह्मण, दमाई, कामी, नेवार र अन्य जातजाति
५	इद र बकिद					मुशलमानहरू
६	उँधौली,उँभौली			वैशाख्ले र माँसिरे पूर्णिमा		किराती धर्मावलम्बीहरू
७	ल्होसार, मनिरिम्दु					तमांग, गुरूंग र सेर्पाहरू
८			ग्रामथान मेलाहरू	वैशाख ३, ४, ५, ६ र ७ गते		तराईका विभिन्न जाति तथा अन्य जनजाति

स्रोतः रतुवामाई नगरपालिका ।

पर्यटकीय स्थलहरूको विवरण

मोरङको रतुवामाई नगरपालिका क्षेत्रमा ठूला पर्यटकीय क्षेत्रको अभाव छ । हुन यस जिल्लाको प्रख्यात पर्यटकीय क्षेत्रका रूपमा परिचित सुनवर्षि पोखरी यसै नगरपालिकामा पर्दछ । तर यसको प्रचारप्रसार जति हुनुपर्ने हो, त्यति धेरै भने हुन सकेको पाईदैन । यस बाहेक यस नगरपालिकाका मुख्य पर्यटकीय स्थलहरू निम्नानुसारका छन् ।

क्रस	पर्यटकीय क्षेत्रको नाम	वडा नं.	महत्व	दैनिक आउने यात्रुसंख्या	कैफियत
१	सुनवर्षी	५	पोखरी र ग्रामथान	५० जना	वैशाख १ गते मेला लाग्ने
२	शिवनाथ	७	धार्मिक स्थल	१०० जना	शिवरात्री र बाला चतुर्दशी
३	ओम्कारेश्वर शिवालय	६ र ३	धार्मिक स्थल	५० जना	शिवरात्री र श्रावण महिना

स्रोतः रतुवामाई नगरपालिका कार्यालय ।

वर्तमान भूउपयोगसम्बन्धी विवरण

क्रस	विवरण	मापा या नपा	
		क्षेत्रफल	प्रतिशत
१	कृषि क्षेत्र	९००० हे	८५ प्रतिशत
२	वन तथा चरन क्षेत्र	२.५ हे	०.१ प्रतिशत
३	आवास क्षेत्र	७४१ हे	७ प्रतिशत
४	नदिनालाले ओगटेको क्षेत्र	२११ हे	२ प्रतिशत
५	ताल तलैया	२.५ हे	०.१
६	सिमसार क्षेत्र		०
७	औद्योगिक क्षेत्र	२११ हे	२ प्रतिशत
८	सडकले ओगटेको क्षेत्र	१०५ हे	१ प्रतिशत
९	९ अन्य	३१५ हे	२.८ प्रतिशत
१०	जम्मा		१०० प्रतिशत

श्रोत: नगरपालिका कार्यालय, रतुवामाई ।

रतुवामाई नगरपालिकाको अत्यधिकजसो जमिनमा खेती गरिएको छ । यहाँको जमिन खेतीयोग्य भएको तथा विभिन्न खोलाबाट पानीका लागि नहर बनाइएको हुँदा यहाँ खेतिपाति गर्ने मानिसको संख्या निकै बढी छ । यस जिल्लाका अन्य भागमा जस्तो यहाँ सिंचाईको धेरै राम्रो व्यवस्था नभए पनि भूमिगत जलस्रोतको प्रयोग गरेर पनि यहाँका कृषकहरूले खेतिपाति गर्ने गरेका छन् । यसबाट रतुवामाई नगरपालिका खेतिपातिका लागि निकै महत्वपूर्ण मानिन्छ ।

सिंचित क्षेत्रफल

क्रस	विवरण	क्षेत्रफल	कैफियत
१	सालैभर सिंचित	४८३८ हे	
२	मौसमी सिंचित	१३७३ हे	
३	कुल सिंचित क्षेत्रफल	६२११ हे	
४	असिंचित जमिन	६६२२ हे	
५	खेतियोग्य जमिन	१२८३३ हे	
६	खेति गरिएको जमिन	१२८३३ हे	

श्रोत : जिल्ला कृषि विकास कार्यालय ।

बन क्षेत्र, नर्सरीसम्बन्धी विवरण

विवरण	संख्या	क्षेत्रफल	प्रतिशत	कैफियत
सामुदायिक वन	१	२० बिगाहा		
कबुलियती वन	०			
धार्मिक वन	१	९ कट्ठा		
सरकारी संरक्षित वन	०			
अन्य (नीजि)	३	६.६ हे		
जम्मा	५	२.५ हे		

स्रोत: नगरपालिका कार्यालय, २०७४ ।

सरकारी तथा सार्वजनिक जमिनहरूको विवरण

कस	जमिन रहेको स्थान	क्षेत्रफल	स्वामित्व
१	महादेवा, सिजुवा, झुर्किया, बरडंगा र गोविन्दपुरमा	४० बिगाहा	
जम्मा		४० बिगाहा	

स्रोत: नगरपालिका कार्यालय, २०७४ ।

परिच्छेद तीन

आधारभूत तथ्यांक विश्लेषण

खण्ड एक

व्यक्तिगत विवरण

जनसंख्याको विवरण

मोरङको रतुवामाई नगरपालिकाको कूल जनसंख्या वि.सं. २०६८ सालको जनगणना अनुसार ५५३८० जना रहेको छ, जसमा महिला २९०४३ जना र पुरूष २६३३७ जना छन् । वि.सं. २०५८ सालको जनगणना अनुसार यहाँको जनसंख्या ५२८४५ थियो, जसमा महिला २६६४७ जना र पुरूष २६१९८ जना थिए । वि.सं. २०६८ सालपछि पनि यस गाउँपालिकाको जनसंख्या सामान्य रूपमा वृद्धि भएको छ । तर यहाँको जनसंख्याको वृद्धि निकै कम मात्रामा भएको छ । तलको तालिकामा यस गाउँपालिकाको वि.सं. २०६८ सालको राष्ट्रिय जनगणनाअनुसारको जनसंख्या र घरपरिवार संख्या दिइएको छ ।

तालिका नं. १

वडा न घर परिवार तथा लिङ्ग अनुसार जनसंख्या विवरण


वडा नं.	लिङ्ग (२०६८)		जम्मा	घरपरिवार संख्या	औषत परिवार सख्या	लैङ्गिक अनुपात	लिङ्ग (२०५८)		जम्मा	औषत वार्षिक जनसंख्या वृद्दिदर पुरूष	औषत वार्षिक जनसंख्या वृद्दिदर महिला	औषत वार्षिक जनसंख्या वृद्दिदर
	पुरूष	महिला					पुरूष	महिला				
१	२३३३	२२९२	४६२५	९४८	४.८८	१०१.७९						
२	२३७९	२६५४	५०३३	११७०	४.३०	८९.६४						
३	२५८७	२६००	५१८७	११३५	४.५७	९९.५०						
४	३१३०	३२४२	६३७२	१४३५	४.४४	९६.५५						
५	३७६३	३९१७	७६८०	१६६३	४.६२	९६.०७						
६	२७०५	३१४८	५८५३	१३५३	४.३३	८५.९२						
७	२४२९	२७९७	५२२६	१२०६	४.३३	८६.८४						
८	२६४८	३०६१	५६०९	१२८५	४.३६	८३.२४						
९	२२५६	२६४३	४८९९	११४५	४.२८	८५.३६						
१०	२२०७	२६८९	४८९६	११४२	४.२९	८२.०८						

जम्मा	२६३३७	२९०४३	५५३८०	१२४८२	४.४४	९०.६८	२६१९८	२६६४७	५२८४५	०.०५	०.८६	०.४७

स्रोत: जनगणना प्रतिवेदन २०६८ ।

माथिको तालिकामा देखाइएअनुसार रतुवामाई नगरपालिकाको कूल जनसंख्या ५५३८० जना पुगेको छ । यहाँ पुरूषको संख्या २६३३७ जना र महिलाको संख्या भने यस भन्दा केही ज्यादा २९०४ जना छ । रतुवामाईको घरपरिवार संख्या भने १२४८२ छ । यहाँको औषत परिवार संख्या ४.४४ रहेको देखिन्छ । यता लैंगिक अनुपात भने ९०.६८ रहेको छ । यहाँ महिलाको तुलनामा पुरूषको संख्या केही कम छ । रतुवामाई नगरपालिकाको औषत जनसंख्या वृद्धिदर ०.४७ प्रतिशत रहेको छ । वडागत आधारमा सबैभन्दा बढी घरपरिवार भएको वडा नं. ५ हो, जसमा १६६३ घरपरिवार छन् । यता सबैभन्दा कम घरपरिवार वडा नं. १ मा ९४८ वटा रहेको देखिन्छ । यसलाई तलको लेखाचित्रमा पनि देखाइएको छ ।

रेखाचित्र नं. १



जनसंख्या प्रक्षेपण

भोरडको रतुवामाई नगरपालिकाको जनसंख्यालाई विभिन्न समयका लागि प्रक्षेपण गर्ने कार्य पनि गरिएको छ । यस नगरपालिकाको लिंगअनुसारको जनसंख्या निम्नानुसारले वृद्धि हुने अनुमान गरिएको छ ।

तालिका नं. २

लिङ्ग अनुसार विभिन्न वर्षहरूको अनुमानित जनसंख्या विवरण लिंगका आधारमा जनसंख्या

वि.नं.	लिङ्ग (२०६८)			२०७४ को अनुमानित जनसङ्ख्या			२०७५ को जनसङ्ख्या			जनसंख्या दोब्बर हुन लाग्ने समय
	पुरूष	महिला	जम्मा	पुरूष	महिला	जम्मा	पुरूष	महिला	जम्मा	
१	२६३३७	२९०४३	५५३८०	२६४२१	२९८६९	५६९५५	२६४३५	३०००९	५७२२२	१४८
जम्मा	२६३३७	२९०४३	५५३८०	२६४२१	२९८६९	५६९५५	२६४३५	३०००९	५७२२२	१४८

स्रोत: जनगणना प्रतिवेदन, २०६८ ।

माथिको तालिकामा देखाइए अनुसार मोरङको रतुवामाई नगरपालिकाको वि.सं. २०६८ सालको जनसंख्या ५५३८० जना रहेको छ । यता वि.सं. २०७४ सालमा यो जनसंख्या ५६९५५ जना पुगेको तथा वि.सं. २०७५ सालमा भने ५७२२२ पुग्ने अनुमान गरिएको छ । यस नगरपालिकामा जनसंख्या दोब्बर हुन भने जम्मा १४८ वर्ष लाग्ने अनुमान छ । यसरी यस नगरपालिकाको जनसंख्या सामान्य रूपमा वृद्धि भएको देखिन्छ ।

लिङ्ग अनुसार घरमुली

रतुवामाई नगरपालिकाको जनसंख्याको विवरण हेर्दा यहाँ महिलाको तुलनामा पुरूषहरूको घरमुली संख्या निकै ज्यादा रहेको देखिन्छ । यस नगरपालिकामा जम्मा १२४८२ घरपरिवार मध्ये ९५८८ जना घरमुली पुरूषहरू नै रहेका छन् भने महिला घरमुली संख्याचाहिं निकै न्यून मात्रमा २८९४ जनामात्र रहेको छ । तलको तालिकामा लिंगअनुसारको घरमुलीको संख्या देखाइएको छ ।

तालिका नं. ३

वडा नं. तथा लिङ्ग अनुसार घरपरिवार मूलीको संख्या

वडा नं.	लिङ्ग		जम्मा
	पुरूष	महिला	
१	७९०	१५८	९४९
२	८९४	२७८	११७२
३	९६३	१७२	११३८
४	११२१	३१४	१४३९
५	१३४८	३१५	१६६८
६	१०२९	३२४	१३५९
७	९००	२०६	१२१३
८	९३३	३५२	१२९३


९	८०२	३४३	११५४
१०	८०८	३३४	११४२
जम्मा	९५८८	२८९४	१२४८२

स्रोत: जनगणना प्रतिवेदन, २०६८ ।

माथिको तालिकामा दिइएको लिंगअनुसारको घरमुलीको विवरणमा सबैभन्दा ज्यादा महिला घरमुली भएको वडा वडा नं. ८ हो, जहाँ जम्मा ३५२ जना महिलाहरू घरमुली रहेका देखिन्छन् । सामान्यतया आदिवासि जनजातिको वसोवास भएका वडाहरूमा महिला घरमुलीको संख्या ज्यादा रहने गरेको देखिन्छ । यसलाई तलको रेखाचित्रमा पनि देखाइएको छ ।

रेखाचित्र नं. २

लिंगअनुसार घरमूली संख्या



माथिको लेखाचित्रमा देखाइए अनुसार मोरङको रतुवामाई नगरपालिकाका २३.२ प्रतिशत घरहरूमा मूलीका रूपमा महिलाहरू रहेका छन् भने बाँकी ७६.८ प्रतिशत घरका मूली भने पुरूषहरू नै छन् । तसर्थ यहाँका घरको संचालनमा पुरषहरूकै बाहुल्यता रहेको देखिन्छ । जनगणना २०५८ अनुसार पुरूष घरमुलीको प्रतिशत यसभन्दा केही ज्यादा थियो । तसर्थ हाल आएर पुरूषको तुलनामा महिलाको घरमुलीको प्रतिशत केही वृद्धि भएको देखिन्छ ।

समूहगत उमेरको जनसंख्या

जनसंख्याको विश्लेषणमा उमेर समूहको महत्वपूर्ण उपयोगिता रहेको हुन्छ । यसले नगरपालिका र गाउँपालिकाको गत जनसंख्याको ढाँचालाई वर्गिकरण गरेर कुन उमेरका मानिसहरूको संख्या के कति छ भन्ने कुरालाई स्पष्ट गर्दछ । यस नगरपालिकामा सबैभन्दा ज्यादा संख्या १० देखि १४ वर्षको बीचको उमेर समूहका मानिसहरूको रहेको छ । यिनीहरूको संख्या नगरपालिकाको कूल जनसंख्याको ११.८७ प्रतिशत रहेको देखिन्छ । यसैगरी सबैभन्दा कम संख्यामा रहेका उमेर समूहका मानिसहरू ६५ देखि ६९ वर्षको उमेर समूहको छ । यहाँ यिनीहरूको संख्या

जम्मा २.४३ प्रतिशत मात्र रहेको देखिन्छ । तीन वर्षभन्दा कम उमेरका बालबालिकाको संख्या ७.७८ प्रतिशत रहेको छ भने पूर्व प्राथमिक विद्यालयमा जाने उमेरका ४ देखि ५ वर्ष उमेरका बालबालिका ४.४७ प्रतिशत अर्थात २४७४ जना रहेका छन् । यहाँ ६ देखि ९ वर्ष उमेरका बालबालिका भने ८.८६ प्रतिशत रहेको देखिन्छ । यस नगरपालिकाको उमेर समूहको विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. ४

उमेर समूह तथा लिङ्ग अनुसार नगरपालिकाको जनसंख्या


सि.नं.	उमेर समूह	लिङ्ग		जम्मा	प्रतिशत
		पुरुष	महिला		
१	३ वर्ष भन्दा कम	२१९७	२१११	४३०८	७.७८
२	४ देखि ५	१२७६	११९८	२४७४	४.४७
३	६ देखि ९	२४७३	२४३४	४९०७	८.८६
४	१० देखि १४	३३३४	३२३७	६५७१	११.८७
५	१५ देखि १९	२७४२	२८६५	५६०७	१०.१२
६	२० देखि २४	१७३६	२५६०	४२९६	७.७५
७	२५ देखि २९	१७८५	२६२९	४४१४	७.९७
८	३० देखि ३४	१७००	२९६७	३८६७	६.९८
९	३५ देखि ३९	१६०६	१९३०	३५३६	६.३८
१०	४० देखि ४४	१४३६	१६०५	३०४१	५.४९
११	४५ देखि ४९	१२६६	१३९२	२६५८	४.८०
१२	५० देखि ५४	११३३	१२३३	२३६६	४.२७
१३	५५ देखि ५९	१०६४	११२९	२१९३	३.९६
१४	६० देखि ६४	८६४	९३०	१७९४	३.२४
१५	६५ देखि ६९	७०४	६४१	१३४५	२.४३
१६	७० वर्ष भन्दा माथि	१०२१	९८२	२००३	३.६२
जम्मा		२६३३७	२९०४३	५५३८०	१००.००

स्रोत: जनगणना प्रतिवेदन, २०६८ ।

माथिको तालिकामा दिएअनुसार ७० वर्षभन्दा माथिको या आश्रित तथा जेष्ठ नागरिकको संख्या पनि ३.६२ प्रतिशत रहेको छ । समग्रमा यस नगरपालिकामा पुरूषको तुलनामा महिलाहरूको संख्या ज्यादा रहेका उमेर समूह १५ देखि १९ वर्ष, २० देखि २४, २५ देखि ६४ वर्ष उमेर समूहका मानिसहरू छन् । यता ७० वर्षभन्दा माथिको जनसंख्यामा भने पुरूषको संख्या ज्यादा रहेको छ । यसबाट ज्यादा लामो समयसम्म बाँच्ने मानिसहरू यस गाउँपालिकामा पुरूषहरू ज्यादा भएको देखिन्छ ।

लेखाचित्र नं. ३

लिङ्ग तथा उमेर समूह अनुसार जनसंख्याको पिरामिड



उमेर समूह तथा लिङ्ग अनुसारको जनसंख्या

यस नगरपालिकामा आर्थिक रूपले सक्रिय जनसंख्याको बाहुल्यता रहेको छ । उमेरका आधारमा दस वर्षदेखि माथिका साठी वर्षसम्मको आर्थिक रूपले सक्रिय जनसंख्याको प्रतिशत निकै उच्च रहेको छ । यस गाउँ पालिकाका विभिन्न उमेर समूहका जनसंख्या वडागत रूपमा तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ५

वडा नं., उमेर समूह तथा लिङ्ग अनुसार नगरपालिकाको जनसंख्या

सि.नं.	वडा नं.	उमेर समूह	लिङ्ग		जम्मा
			पुरुष	महिला	
१	१	३ वर्ष भन्दा कम	१९७	२०६	४०३
२		४ देखि ५	१२५	११७	२४२

सि.नं.	वडा नं.	उमेर समूह	लिङ्ग		जम्मा
			पुरुष	महिला	
३		६ देखि ९	२४६	२३९	४८५
४		१० देखि १४	३३१	३३६	६६७
५		१५ देखि १९	२३४	२०१	४३५
६		२० देखि २४	१५२	१६२	३१४
७		२५ देखि २९	१८५	१९९	३८४
८		३० देखि ३४	१५०	१७९	३२९
९		३५ देखि ३९	१४७	१६४	३११
१०		४० देखि ४४	१२९	११२	२४१
११		४५ देखि ४९	११०	१०७	२१७
१२		५० देखि ५४	८१	८५	१९६
१३		५५ देखि ५९	९०	६९	१५९
१४		६० देखि ६४	४९	५५	१०४
१५		६५ देखि ६९	५०	३९	८९
१६		७० वर्ष भन्दा माथि	५७	५२	१०९
जम्मा			२३३३	२२९२	४६२५
१७	२	३ वर्ष भन्दा कम	२९१	२३९	५३०
१८		४ देखि ५	१३५	१४४	२७९
१९		६ देखि ९	२३८	२९०	५२८
२०		१० देखि १४	३२३	३३७	६६०
२१		१५ देखि १९	२०४	२७८	४८२
२२		२० देखि २४	१५२	२०६	३५८
२३		२५ देखि २९	१४७	१९६	३४३
२४		३० देखि ३४	१३७	१८०	३१७
२५		३५ देखि ३९	१५४	१९३	३४७

सि.नं.	वडा नं.	उमेर समूह	लिङ्ग		जम्मा
			पुरुष	महिला	
२६		४० देखि ४४	१४१	१४५	२८६
२७		४५ देखि ४९	११९	१२०	२३९
२८		५० देखि ५४	८२	७८	१६०
२९		५५ देखि ५९	७९	९१	१७०
३०		६० देखि ६४	६९	६१	१३०
३१		६५ देखि ६९	६३	५०	११३
३२		७० वर्ष भन्दा माथि	४५	४६	९१
जम्मा			२३७९	२६५४	५०३३
३३	३	३ वर्ष भन्दा कम	२४९	२३७	४८६
३४		४ देखि ५	१३७	१२२	२५९
३५		६ देखि ९	२३४	२३८	४७२
३६		१० देखि १४	३२७	३११	६३८
३७		१५ देखि १९	२७३	२६५	५३८
३८		२० देखि २४	१८६	२२०	४०६
३९		२५ देखि २९	१८८	२३१	४१९
४०		३० देखि ३४	१७७	१९८	३७५
४१		३५ देखि ३९	१७०	१९४	३६४
४२		४० देखि ४४	१३५	१३२	२६८
४३		४५ देखि ४९	१२५	१२४	२४९
४४		५० देखि ५४	९३	९०	१८३
४५		५५ देखि ५९	९४	९९	१९३
४६		६० देखि ६४	८३	६५	१४८
४७		६५ देखि ६९	४३	५६	९९
४८		७० वर्ष भन्दा माथि	६२	४८	११०

सि.नं.	वडा नं.	उमेर समूह	लिङ्ग		जम्मा
			पुरुष	महिला	
जम्मा			२४८७	२६००	५१८७
४९	४	३ वर्ष भन्दा कम	२४९	२६३	५१२
५०		४ देखि ५	१८३	१५२	३३५
५१		६ देखि ९	३१२	२९८	६१०
५२		१० देखि १४	३७८	३६२	७४०
५३		१५ देखि १९	३४८	३३९	६८७
५४		२० देखि २४	२४७	२६४	५११
५५		२५ देखि २९	२२९	२७५	५०४
५६		३० देखि ३४	१८२	२२९	४११
५७		३५ देखि ३९	१९३	२०९	४०२
५८		४० देखि ४४	१४७	१९१	३३८
५९		४५ देखि ४९	१७७	१७९	३५६
६०		५० देखि ५४	१४३	१४१	२८४
६१		५५ देखि ५९	१२७	१२४	२५१
६२		६० देखि ६४	८२	८५	१६८
६३		६५ देखि ६९	५७	५८	११५
६४		७० वर्ष भन्दा माथि	७५	७३	१४८
जम्मा			३१३०	३२४२	६३७२
६५	५	३ वर्ष भन्दा कम	३१५	२९५	६१०
६६		४ देखि ५	१७५	१६२	३३७
६७		६ देखि ९	३५७	३३२	६८९
६८		१० देखि १४	४९३	४४७	९६०
६९		१५ देखि १९	४२६	४३४	८६०
७०		२० देखि २४	२५१	२१५	४६८

सि.नं.	वडा नं.	उमेर समूह	लिङ्ग		जम्मा
			पुरुष	महिला	
७१		२५ देखि २९	२६१	३६६	६२७
७२		३० देखि ३४	२३४	२७२	५०६
७३		३५ देखि ३९	१९८	२६७	४६५
७४		४० देखि ४४	२०४	१९०	३९४
७५		४५ देखि ४९	१६०	१७५	३३५
७६		५० देखि ५४	१५५	१४४	२९९
७७		५५ देखि ५९	१३७	१५६	२९३
७८		६० देखि ६४	१२०	१३४	२५४
७९		६५ देखि ६९	१०१	८२	१८३
८०		७० वर्ष भन्दा माथि	१५४	१४६	३००
जम्मा			३०६३	२९१७	५९८०
८१	१	३ वर्ष भन्दा कम	१७७	१८७	३६४
८२		४ देखि ५	१११	१०९	२२२
८३		६ देखि ९	२३९	२३३	४७२
८४		१० देखि १४	२४६	२९९	६४५
८५		१५ देखि १९	२७३	२९१	५६४
८६		२० देखि २४	१५२	३१२	४६४
८७		२५ देखि २९	१६१	२७४	४३५
८८		३० देखि ३४	१९५	२५७	४२२
८९		३५ देखि ३९	१७५	२०१	३७७
९०		४० देखि ४४	१५७	१८६	३४३
९१		४५ देखि ४९	१३४	१४८	२८२
९२		५० देखि ५४	१४२	१६६	३०८
९३		५५ देखि ५९	११९	१३०	२४९

सि.नं.	वडा नं.	उमेर समूह	लिङ्ग		जम्मा
			पुरूष	महिला	
९४		६० देखि ६४	११०	१२१	२३१
९५		६५ देखि ६९	७९	८३	१६२
९६		७० वर्ष भन्दा माथि	१५२	१५१	३०३
जम्मा			२७०५	३१४८	५८५३
९७	७	३ वर्ष भन्दा कम	२२८	२०९	४३७
९८		४ देखि ५	१०६	१२९	२३५
९९		६ देखि ९	२२०	२२५	४४५
१००		१० देखि १४	२९२	२६७	५५९
१०१		१५ देखि १९	२३३	२३२	४६५
१०२		२० देखि २४	१६६	२८१	४४७
१०३		२५ देखि २९	१६५	२९०	४५५
१०४		३० देखि ३४	१७८	२०१	३७९
१०५		३५ देखि ३९	१३७	१८४	३२१
१०६		४० देखि ४४	१४९	१६२	३११
१०७		४५ देखि ४९	११२	१३८	२५०
१०८		५० देखि ५४	९३	१०६	१९९
१०९		५५ देखि ५९	१०१	१२७	२२८
११०		६० देखि ६४	८३	८८	१७१
१११		६५ देखि ६९	६७	६८	१३५
११२		७० वर्ष भन्दा माथि	९९	९०	१८९
जम्मा			२४२९	२७९७	५२२६
११३	८	३ वर्ष भन्दा कम	१८६	१६५	३५१
११४		४ देखि ५	१२०	११४	२३४
११५		६ देखि ९	२४४	२१७	४६१

सि.नं.	वडा नं.	उमेर समूह	लिङ्ग		जम्मा
			पुरुष	महिला	
१११		१० देखि १४	३०१	३४५	६४६
११७		१५ देखि १९	२७६	३१५	५९१
११८		२० देखि २४	१३०	२९१	४२१
११९		२५ देखि २९	१५९	२९९	४५८
१२०		३० देखि ३४	१८५	२४९	४३४
१२१		३५ देखि ३९	१५९	१७९	३३८
१२२		४० देखि ४४	१३९	१७०	३०९
१२३		४५ देखि ४९	११५	१४२	२५८
१२४		५० देखि ५४	१२२	१५०	२७२
१२५		५५ देखि ५९	१०१	११५	२१६
१२६		६० देखि ६४	८८	११७	२०५
१२७		६५ देखि ६९	८३	७५	१५८
१२८		७० वर्ष भन्दा माथि	१३९	११८	२५७
जम्मा			२५४८	३०६१	५६०९
१२९	९	३ वर्ष भन्दा कम	१४६	१२६	२७२
१३०		४ देखि ५	९०	६७	१५७
१३१		६ देखि ९	१९७	१९८	३९५
१३२		१० देखि १४	२७६	२८६	५६२
१३३		१५ देखि १९	२४३	२५३	४९६
१३४		२० देखि २४	१४७	२४२	३८९
१३५		२५ देखि २९	१४६	२४७	३९३
१३६		३० देखि ३४	१५७	२०३	३६०
१३७		३५ देखि ३९	१३३	१६४	२९७
१३८		४० देखि ४४	१२७	१५६	२८३

सि.नं.	वडा नं.	उमेर समूह	लिङ्ग		जम्मा
			पुरुष	महिला	
१३९		४५ देखि ४९	१०१	१३२	२३३
१४०		५० देखि ५४	९९	१३४	२३३
१४१		५५ देखि ५९	१०१	१११	२१२
१४२		६० देखि ६४	८७	१०८	१९५
१४३		६५ देखि ६९	७५	७७	१४२
१४४		७० वर्ष भन्दा माथि	१३१	१६९	२७०
जम्मा			२२५६	२६४३	४८९९
१४५	९	३ वर्ष भन्दा कम	१५९	१८४	३४३
१४६		४ देखि ५	९२	८२	१७४
१४७		६ देखि ९	१८६	१६४	३५०
१४८		१० देखि १४	२४७	२४७	४९४
१४९		१५ देखि १९	२३२	२५७	४८९
१५०		२० देखि २४	१५१	२१७	४१८
१५१		२५ देखि २९	१४४	२८२	४२६
१५२		३० देखि ३४	१३५	१९९	३३४
१५३		३५ देखि ३९	१३९	१७५	३१४
१५४		४० देखि ४४	१०७	१५१	२५८
१५५		४५ देखि ४९	१०२	१२७	२२९
१५६		५० देखि ५४	११३	१३९	२५२
१५७		५५ देखि ५९	११५	१३७	२५२
१५८		६० देखि ६४	९२	९६	१८८
१५९		६५ देखि ६९	८६	५३	१३९
१६०		७० वर्ष भन्दा माथि	१०७	११९	२२६

सि.नं.	वडा नं.	उमेर समूह	लिङ्ग		जम्मा
			पुरूष	महिला	
जम्मा			२२०७	२६८९	४८९६

श्रोतः जनगणना प्रतिवेदन, २०६८ ।

माथिको तालिकामा देखाइए अनुसार मोरङको रतुवामाई नगरपालिकामा एकल उमेरअनुसार ३ वर्षभन्दा कमका बालबालिकाको संख्या ४३०८ जना रहेको छ । यसैगरी ४० वर्षसम्मको जनसंख्या भने ४१३१७ जना देखिन्छ । यता ७६ वर्षभन्दा माथिका पुरूष ४०८ र महिला ४४० गरी जम्मा ८४८ जना रहेका देखिन्छन् । यस नगरपालिकामा उमेर समूहअनुसारको जनसंख्यामा सबैभन्दा धेरै १४ वर्षका ७७७ जना छन् ।

तालिका नं. ६

एकल उमेर अनुसार नगरपालिकाको जनसंख्या विवरण

उमेर	लिंग		जम्मा	उमेर	लिंग		जम्मा
	पुरूष	महिला			पुरूष	महिला	
३ वर्ष भन्दा कम	२१९७	२१११	४३०८	४० वर्षसम्मको	१९४७१	२१८४६	४१३१७
४	६३३	५५९	११९२	४१	१८१	१९५	३७६
५	६४३	६३९	१२८२	४२	२८३	२७६	५५९
६	६१५	६६५	१२८०	४३	१८९	२२६	४१५
७	६०१	६११	१२१२	४४	१६१	१९३	३५४
८	७३८	६७१	१४०९	४५	५४६	५७७	११२३
९	५१९	४८७	१००६	४६	१८५	२०५	३९०
१०	७६२	७७५	१५३७	४७	१६१	१७५	३३६
११	४७९	४९३	९७२	४८	२३३	२७७	५१०
१२	८४१	७१७	१५५८	४९	१४१	१५८	२९९
१३	५८०	६००	११८०	५०	४५५	४८८	९४३
१४	६७२	६५२	१३२४	५१	१६०	१५८	३१८
१५	६१४	५९७	१२११	५२	२३५	२६३	४९८
१६	६२५	६५७	१२८२	५३	१२४	१६०	२८४

उमेर	लिंग		जम्मा	उमेर	लिंग		जम्मा
	पुरूष	महिला			पुरूष	महिला	
१७	४९९	५३७	१०३६	५४	१५९	१६४	३२३
१८	६५५	६७४	१३२९	५५	३८९	३९६	७८५
१९	३४९	४००	७४९	५६	१९८	१८४	३८२
२०	३९६	६७८	१०७४	५७	१५७	१८८	३४५
२१	२७३	३८५	६५८	५८	१८८	२०८	३९६
२२	४३३	५७३	१००६	५९	१३२	१५३	२८५
२३	२८२	४५८	७४०	६०	४१४	४३५	८४९
२४	३५२	४६६	८१८	६१	११७	१२२	२३९
२५	५०८	८२७	१३३५	६२	१२९	१६०	२८९
२६	३२७	५३७	८६४	६३	१०२	१२१	२२३
२७	३१७	४२४	७४१	६४	१०२	९२	१९४
२८	४००	५८४	९८४	६५	२५७	२७६	५३३
२९	२३३	२५७	४९०	६६	८७	८७	१७४
३०	६२१	८५४	१४७५	६७	१२०	९०	२१०
३१	२२२	२४४	४६६	६८	१५०	१२८	२७८
३२	३६४	४७२	८३६	६९	९०	६०	१५०
३३	२३०	३२०	५५०	७०	२२३	२१२	४३५
३४	२६३	२७७	५४०	७१	७१	६८	१३९
३५	६६६	७८६	१४५२	७२	१०१	७०	१७१
३६	२७८	३४९	६२७	७३	७०	५३	१२३
३७	२१२	२१८	४३०	७४	५३	३६	८९
३८	२८५	३८६	६७१	७५	९५	१०३	१९८
३९	१६५	१९१	३५६	७६ वर्ष	४०८	४४०	८४८

उमेर	लिंग		जम्मा	उमेर	लिंग		जम्मा
	पुरूष	महिला			पुरूष	महिला	
४०	६२२	७१५	१३३७	भन्दा माथि			
जम्मा	१९४७१	२१८४६	४१३१७	कुल जम्मा	२६३३७	२९०४३	५५३८०

स्रोत: जनगणना प्रतिवेदन, २०६८ ।

माथिको तालिकामा देखाइएअनुसार मोरङको रतुवामाई नगरपालिकाका एकल उमेरअनुसारको जनसंख्याको विश्लेषण गर्दा के देखिन्छ भने यहाँ ७६ वर्षभन्दा माथिको जनसंख्या ८४ जना छ । यता ७४ वर्ष वर्षसम्मका मानिसहरू १०० भन्दा कम छन् ।

जातिगत जनसंख्या

रतुवामाई नगरपालिकामा विभिन्न जात तथा जनजातिका मानिसहरूको बसोबास रहेको पाइन्छ । यस नगरपालिकामा विभिन्न ७५ जातजातिका मानिसहरूको बसोबास रहेको देखिन्छ । यिनीहरूमध्ये यस नगरपालिकामा बसोबास गर्ने सबैभन्दा ज्यादा जनसंख्या रहेको जाति पहाडे ब्राह्मण हो, जसको संख्या ८७९७ जना रहेको छ । यस आधारमा उनीहरूको प्रतिशत १५.८८ हुन आउँछ । यसपछि यस गाउँपालिकामा क्षेत्री, ताजपुरीया र मुश्लिम आदि जातजातिका मानिसहरूको बसोबासमा बाहुल्यता रहेको पाइन्छ । यसैगरी यहाँ सबैभन्दा कम १० घरपरिवार भन्दा कम संख्यामा बसोबास गर्ने १९ जातिहरू छन्, जसमा सुनुवार, खवास, गडेर र ठकुरी आदि जातजाति रहेका छन् । यस गाउँपालिकाको जातिगत जनसंख्याको विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ७

जातजाति, तथा लिङ्ग अनुसार नगरपालिकाको जनसंख्या

सि.नं.	जातजाति	घर परिवार संख्या	लिङ्ग		जम्मा	जातजाति प्रतिशत	औषत परिवार संख्या
			पुरुष	महिला			
१	ब्राह्मण पहाड	२०७१	४०२५	४७७२	८७९७	१५.८८	४.२५
२	क्षेत्री	१९३४	३८७१	४५४७	८४१८	१५.२०	४.३५
३	ताजपुरिया	१०७०	२२९५	२४००	४६९५	८.४८	४.३९
४	मुस्लिम	८४९	२०४३	२२०४	४२४७	७.६९	४.९६
५	गगराई	७७५	१६०२	१७०९	३३११	५.९८	४.२७
६	राजवंशी	६१५	१२७५	१२९६	२५७१	४.६४	४.१८

क्र.सं.	जातजाति	घर परिवार संख्या	लिङ्ग		जम्मा	जातजाति प्रतिशत	औषत परिवार संख्या
			पुरुष	महिला			
७	सतार	५३३	१२२४	१३००	२५३१	४.५७	४.७५
८	नेवार	३००	५९२	७४२	१३३४	२.४१	४.४५
९	लिम्बु	२८८	५३२	६४९	११९१	२.१५	४.१४
१०	मुसहर	२६४	६१३	६१८	१२३१	२.२२	४.६६
११	सन्यसी	२३१	५०७	५४६	१०५३	१.९०	४.५६
१२	तेली	२२७	५५२	५४२	१०९४	१.९८	४.८२
१३	राई	२१२	४१५	५२५	९४०	१.७०	४.४३
१४	माझी	२०४	४०८	४४९	८४७	१.५५	४.२०
१५	यादव	१९६	४५७	४४६	९०३	१.६३	४.६१
१६	दमाइ	१८२	३७९	४४६	८२५	१.४९	४.५३
१७	तामाङ	१५०	२९०	३६९	६५९	१.१९	४.३९
१८	अमात	१३२	३१९	२९९	६१८	१.१२	४.६८
१९	केवत	१२७	२८३	२७९	५६२	१.०१	४.४३
२०	कामी	१२५	२६०	२९४	५५४	१.००	४.४३
२१	मगर	११४	२११	२४१	४५२	०.८२	३.९६
२२	तत्मा	१०९	२६६	२६८	५३४	०.९६	४.९०
२३	थारू	१०७	२४२	२४९	४९१	०.८९	४.५९
२४	मल्लाह	१०४	२५६	२५७	५१३	०.९३	४.९३
२५	धोबी	१०२	२२०	२२४	४४४	०.८०	४.३५
२६	गोनिया	९६	२३३	२२४	४५७	०.८३	४.७८
२७	हजाम ठाकुर	८४	२१०	२०९	४१९	०.७६	४.९९
२८	धरै	७९	१४७	१५४	३०१	०.५४	३.८१
२९	धुवी	७४	१७९	१६८	३४७	०.६३	४.६३

सि.नं.	जातजाति	घर परिवार संख्या	लिङ्ग		जम्मा	जातजाति प्रतिशत	औषत परिवार संख्या
			पुरूष	महिला			
३०	सार्की	७२	१२२	१४२	२६४	०.४८	३.६७
३१	धानुक	६१	१४८	१५४	३०२	०.५५	४.९५
३२	चमार	५४	११७	१२७	२४४	०.४४	४.५२
३३	पासवान	५४	१११	११२	२२३	०.४०	४.१३
३४	हलुवाई	४८	१२२	१३५	२५७	०.४६	५.३५
३५	घर्ति भुजेल	४७	८२	११३	१९५	०.३५	४.१५
३६	कुमाल	४५	८९	९३	१८२	०.३३	४.०४
३७	गुरूङ्ग	३८	६९	७६	१४५	०.२६	३.८२
३८	कौरी	३५	१०२	८९	१९१	०.३४	५.४६
३९	बाँतर	३२	७४	९१	१६५	०.३०	५.१६
४०	बरमु बह्मु	३१	७५	७२	१४७	०.२७	४.७४
४१	सोनार	३०	७७	७२	१४९	०.२७	४.९७
४२	लोहार	३०	५८	७५	१३३	०.२४	४.४३
४३	धिमाल	३०	५०	६९	११९	०.२१	३.९७
४४	बनिया	२७	५१	६२	११३	०.२०	४.१९
४५	कायस्थ	१८	३९	४६	८५	०.१५	४.७२
४६	कहार	१७	३४	३६	७०	०.१३	४.१२
४७	दनुवार	१३	२१	२७	४८	०.०९	३.६९
४८	कुर्मी	१२	२३	२४	४७	०.०८	३.९२
४९	कल्वार	१२	३५	२४	५९	०.११	४.९२
५०	विन	१२	३९	३३	७२	०.१३	६.००
५१	ब्राहमण तराई	१०	२६	२६	५२	०.०९	५.२०
५२	कुम्हार	१०	२७	३०	५७	०.१०	५.७०

सि.नं.	जातजाति	घर परिवार संख्या	लिङ्ग		जम्मा	जातजाति प्रतिशत	औषत परिवार संख्या
			पुरुष	महिला			
३३	बाख्खा	१०	३१	२३	५४	०.१०	५.४०
३४	कुमार	१०	२५	२०	४५	०.०८	४.५०
३५	सुनुवार	९	२५	२६	५१	०.०९	५.६७
३६	खगाख	९	१५	१६	३१	०.०६	३.४४
३७	गढेरी	८	२२	२१	४३	०.०८	५.३८
३८	ठकुरी	७	१०	१९	२९	०.०५	४.१४
३९	राजपुत	७	१७	२२	३९	०.०७	५.५७
४०	मारवाडी	७	१०	१२	२२	०.०४	३.१४
४१	बंगाली	७	१३	१७	३०	०.०५	४.२९
४२	व्यासी	५	१३	१३	२६	०.०५	५.२०
४३	बढी	५	९	१५	२४	०.०४	४.८०
४४	म्यालमो	५	७	१०	१७	०.०३	३.४०
४५	बानाबा	४	६	९	१५	०.०३	३.७५
४६	साप्र	३	५	६	११	०.०२	३.६७
४७	पचरकट्टा	३	३	५	८	०.०१	२.६७
४८	कुसुन्डा	३	६	५	११	०.०२	३.६७
४९	शेर्पा	२	२	२	४	०.०१	२.००
५०	धोबी	२	२	५	७	०.०१	३.५०
५१	भोटे	२	३	४	७	०.०१	३.५०
५२	मेचे	२	६	५	११	०.०२	५.५०
५३	पजाबी	२	७	७	१४	०.०३	७.००
५४	खालिङ	२	४	३	७	०.०१	३.५०
५५	अन्य जातजाति	२६५	५८९	६०७	१११६	२.१६	४.२१

सि.नं.	जातजाति	घर परिवार संख्या	लिङ्ग		जम्मा	जातजाति प्रतिशत	औषत परिवार संख्या
			पुरूष	महिला			
जम्मा		१२४८२	२६३३७	२९०४३	५५३८०	१००.००	४.४४

श्रोतः जनगणना प्रतिवेदन, २०६८ ।

माथिको तालिकामा देखाईए अनुसार मोरङको रतुवामाई नगरपालिकामा विभिन्न ७५ जातजातिका मानिसहरूको बसोवास रहेको छ । यसमा सवैभन्दा ज्यादा ब्राह्मणहरूको बसोवास छ भने सवैभन्दा कम दुईदुई घरपरिवार मात्र बसोवास भएका जातजाति भने सेर्पा, धोवी, भोटे, मेचे, पन्जावी र खालिंग हुन् । लाध, पत्थरकट्टा र कुसुन्डाका घरपरिवार यस नगरपालिकामा तीनतीन वटाको संख्यामा मात्र रहेको देखिन्छ ।

जातिगत समूहको जनसंख्या

जातिजनजातिका आधारमा यस नगरपालिकामा बसोवास गर्ने मानिसहरूमा विभिन्न प्रकारका समूह पर्दछन् । प्राप्त तथ्यांकअनुसार यस नगरपालिकामा आदिवासि जनजातिको संख्या २०३७९ जना रहेको छ । यसबाट यस नगरपालिकामा आदिवासी जनजातिको बाहुल्य रहेको बुझ्न सकिन्छ । यस बाहेक दलित, मधेशी पिछडा वर्ग र अन्य जातजातिको कुल संख्या क्रमशः ४९३१, ११३८४ र १८६८६ जना रहेको छ । यहाँको जनसंख्याको जातिगत अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ८

जातिगत समूह अनुसार जनसंख्या तथा घरपरिवार सम्वन्धी विवरण

वडा नं.	जतजाति				जम्मा
	आदिवासी जनजाति	दलित	मधेशी पिछडा वर्ग	अन्य जातजाति	
१	१३५३	५७	२२३१	९८४	४६२५
२	१४२८	१६०	३३५८	८७	५०३३
३	३१५२	४२९	१४७७	१२९	५१८७
४	३०६६	११४५	१४०५	७५६	६३७२
५	३०५९	१०६६	१६२८	१९२७	७६८०
६	१६११	४२२	१२७	३६९३	५८५३
७	२१५६	४३९	८८९	१७४२	५२२६

८	१५०८	५९८	७८	३४२५	५६०९
९	१५६६	३०६	१०१	२९२६	४८९९
१०	१४८०	३०९	९०	३०१७	४८९६
जम्मा	२०३७९	४९३१	११३८४	१८६८६	५५३८०

स्रोत: जनगणना प्रतिवेदन, २०६८ ।

माथिको तालिकामा देखाइए अनुसार यहाँ आदिवासी जनजाति पछि अन्य जातजाति र दलितको बाहुल्य रहेको छ । यहाँ दलितहरूको संख्या ४९३१ र अन्य जातजातिको संख्या १८६८६ जना रहेको छ । यता मधेशी पिछडावर्गको संख्या भने ११३८४ जना रहेको देखिन्छ । वडागत रूपमा आदिवासी जनजाति सबैभन्दा धेरै भएको वडा ३ नं. हो, जहाँ तिनीहरूको संख्या ३१५२ रहेको छ । यता सबैभन्दा कम आदिवासी जनजाति भएको वडा भने १ नं. हो । यस वडामा यिनको संख्या १३५३ जनामात्र देखिन्छ ।

तालिका नं. ९

जातिगत समूह तथा लिङ्ग अनुसारको जनसंख्या तथा घरपरिवार सम्बन्धी विवरण

सि.नं.	जातजाति	घर परिवार संख्या	लिङ्ग		जम्मा	जातजाति प्रतिशत
			पुरूष	महिला		
१	आदिवासी जनजाति	४६७६	९७२१	१०६५८	२०३७९	३६.७९८
२	दलित	१०८३	२३९२	२५३९	४९३१	८.९०४
३	मधेशी पिछडा वर्ग	२३८८	५६२६	५७५८	११३८४	२०.५५६
४	अन्य जातजाति	४३३५	८५९८	१००८८	१८६८६	३३.७४९
जम्मा		१२४८२	२६३३७	२९०४३	५५३८०	१००.०००

स्रोत: जनगणना प्रतिवेदन, २०६८ ।

माथिको तालिकामा देखाइएअनुसार यस नगरपालिकाका विभिन्न आदिवासीजनजातिको घरपरिवार संख्या २०३७९ रहेको छ । तिनीहरूको जनसंख्या भने पुरूष ९७२१ जना र महिला १०६५८ जना छन् । यहाँ आदिवासी जनजातिमा, दलित र अन्य जातजातिमा महिलाको संख्या ज्यादा छ । यसलाई तलको रेखाचित्रमा पनि देखाइएको छ ।



मातृभाषा अनुसारको जनसंख्या

मोरङको रतुवामाई नगरपालिकामा विभिन्न प्रकारका मातृभाषा भएका मानिसहरूको बसोबास रहेको छ । तिनमा सबैभन्दा ज्यादा नेपाली मातृभाषा हुने मानिसहरूको बसोबास रहेको देखिन्छ । यिनीहरूको संख्या भने ४०.७९ प्रतिशत रहेको छ । यस पछि दान्तवा मैथिली भाषा बोल्ने मानिसहरूको संख्या ज्यादा रहेको छ । उनीहरूको संख्या भने १९.६१ प्रतिशत रहेको पाइन्छ । यस नगरपालिकाको मातृभाषाका आधारमा जनसंख्याको विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका नं. १०

लिंग तथा मातृभाषा अनुसार नगरपालिकाको जनसंख्या

सि.नं.	मातृभाषाको नाम	लिंग		जम्मा	प्रतिशत
		पुरुष	महिला		
१	नेपाली	१०३४६	१२२४३	२२५८९	४०.७९
२	मैथली	५४५४	५४०७	१०८६१	१९.६१
३	राजवंशी	२६८२	२७३७	५४१९	९.७९
४	ताजपुरिया	२२८२	२३८३	४६६५	८.४२
५	उर्दु	१७३०	१८८४	३६१४	६.५३
६	मगर्धी	१११९	१२८४	२४८३	४.४८
७	लिम्बु	४५७	५५८	१०१५	१.८३
८	सन्थाई	३५८	४३४	७९२	१.४३

सि.नं.	मातृभाषाको नाम	लिंग		जम्मा	प्रतिशत
		पुरुष	महिला		
९	नेवारी	२५०	२९६	५४६	०.९९
१०	राई	२३९	२९८	५३७	०.९७
११	तामाग	२२६	२८७	५१३	०.९३
१२	बंगला	२३९	२५५	४९१	०.८९
१३	थारू	२०३	२२७	४३०	०.७८
१४	मगर	१३०	१४९	२७९	०.५०
१५	भोजपुरी	७०	६७	१३७	०.२५
१६	मार्छी	५३	७१	१२४	०.२२
१७	हिन्दी	४६	४३	८९	०.१६
१८	धिमाल	३७	५२	८९	०.१६
१९	याक्खा	४२	३४	७६	०.१४
२०	गुरुंग	३१	२७	५८	०.१०
२१	सुनुवार	२६	२७	५३	०.१०
२२	बान्तवा	१६	२२	३८	०.०७
२३	सांपाङ	१४	१९	३३	०.०६
२४	ह्यालमो	७	१०	१७	०.०३
२५	कुलुंग	८	७	१५	०.०३
२६	अन्य	१९५	२२२	४१७	०.७५
जम्मा		२६३३७	२९०४३	५५३८०	१००.००

स्रोत: जनगणना प्रतिवेदन, २०६८ ।

माथिको तालिकामा देखाइएअनुसार यस नगरपालिकाका विभिन्न जातजातिको मातृभाषा जम्मा २६ वटा रहेका छन् । यसमा सबैभन्दा ज्यादा नेपाली मातृभाषा हुने मानिसहरूको संख्या रहेको पाइन्छ । त्यसपछि मैथिली भाषा बोल्नेको संख्या ज्यादा छ । यिनीहरूको संख्या क्रमिक रूपमा ४०.७९ र १९.६१ प्रतिशत रहेको देखिन्छ । यता ह्यालमो, कुलुंग र अन्य आदि मातृभाषा रहेका जातजातिको संख्या १ प्रतिशतभन्दा कम छ । एक प्रतिशतभन्दा कम मानिसले बोल्ने यस नगरपालिकाको भाषाको संख्या भने १५ वटा छ ।

धर्मअनुसारको जनसंख्या

मोरङको रतुवामाई नगरपालिकामा विभिन्न धर्मका अनुयायीको बसोबास रहेको छ । यसमा प्रमुख भने हिन्दू धर्म रहेको देखिन्छ । यस नगरपालिकामा हिन्दुमार्गीको संख्या ४५९९८ जना रहेको छ । त्यसपछि इस्लाम धर्मका अनुयायीको संख्या दोश्रोमा रहेको देखिन्छ । यस नगरपालिकामा किरात धर्म मान्ने मानिसहरूको संख्या भने १५४८ जना रहेको छ । यस नगरपालिकाको धर्मअनुसारको जनसंख्यालाई तलको तालिकामा देखाइएको छ ।


तालिका नं. ११

धर्म तथा वडा नं. अनुसारको जनसंख्या विवरण

वडा नं.	धर्म							जम्मा
	हिन्दु	बौद्ध	इस्लम	किरात	इसाई	प्रकृतिक	अन्य	
१	३३०३	४	११०९	०	१६	१८६	७	४६२५
२	२९७५	०	२०२२	०	२९	५	२	५०३३
३	३९१९	१७	२२६	६	२८	९८२	९	५१८७
४	५७७१	९	१११	१२	४०	४०६	२६	६३७२
५	६४०४	१९१	६७४	८९	५५	२२६	४१	७६८०
६	५१४४	२०७	९३	३४८	३८	९७	६	५८५३
७	४८०३	२८	६५	९५	५२	१८१	२	५२२६
८	५०२५	१०२	१५	३८७	४७	३०	३	५६०९
९	४३२३	१७७	०	३०७	५९	१८	१५	४८९९
१०	४३१९	२१६	२२	२९५	२६	६	०	४८९६
जम्मा	४५९९८	९४३	४२६२	१५३९	३९०	२१३७	१११	५५३८०
जम्मा प्रतिशत	८३.०६	१.७०	७.७०	२.७८	०.७०	३.८६	०.२०	१००.००

श्रोत: जनगणना प्रतिवेदन, २०६८ ।

माथिको तालिकामा देखाइएअनुसार यस नगरपालिकाका मानिसहरूले विभिन्न प्रकारका धर्महरू मान्ने गरेका छन् । यसमा सबैभन्दा ज्यादा हिन्दू धर्म मान्ने मानिसहरूको संख्या रहेको पाइन्छ । तिनीहरूको संख्या ४५९९८ जना छ । त्यसपछि मुश्लिम ४२६२ जना छन् भने तेस्रो स्थानमा प्रकृति पूजक मानिसहरूको संख्या २१३७ जना रहेको देखिन्छ । यस नगरपालिकामा सबैभन्दा कम अन्य धर्म मान्ने छन्, जसको संख्या १११ जनामात्र रहेको देखिन्छ । यसलाई तलको लेखाचित्रमा पनि दिइएको छ ।



तालिका नं. १२

धर्म तथा जातियता अनुसारको जनसंख्या विवरण

सि.तं.	जातियता	धर्म							जम्मा
		हिन्दु	बौद्ध	इस्लिम	किरांत	इसाई	प्रकृतिक	अन्य	
१	आदिवासी जनजाति	१५५२५	९४०	०	१५३५	३०८	२०१५	५६	२०३७९
२	दलित	४७७२	०	०	०	४०	१११	८	४९३१
३	मधेशी पिछडा वर्ग	७०८५	०	४२५७	०	२६	१	१५	११३८४
४	अन्य जातजाति	१८६१६	३	५	४	१६	१०	३२	१८६८६
	जम्मा	४५९९८	९४३	४२६२	१५३९	३९०	२१३७	१११	५५३८०

श्रोत: जनगणना प्रतिवेदन, २०६८ ।

माथिको तालिकामा देखाइएअनुसार रतुवामाई नगरपालिकाका सवैभन्दा ज्यादा जनसंख्या अन्य जातजातिको छ । तिनीहरू मुख्य रूपमा हिन्दू धर्म मान्दछन् । अन्य जातजाति पछि आदिवासी जनजातिको संख्या रहेको छ । यहाँ आदिवासी जनजातिका हिन्दू, बौद्ध, किराँत, इसाई, प्रकृतिक र अन्य धर्म मान्ने मानिसहरूको संख्या कमस १५५२५, ९४०, १५३५, ३०८, २०१५ र ५६ जना रहेको छ । यता दलितमा पनि हिन्दू धर्म मान्नेको संख्या सवैभन्दा धेरै ४७४२ जना देखिन्छ । यस समुदायमा इश्लाम, बौद्ध र किराँत धर्म मान्ने मानिसहरू छैनन् । यसैगरी मधेशी पिछडा वर्गमा

पनि सवैभन्दा धेरै हिन्दू र त्यसपछि मुश्लिम धर्म मान्ने छन् । अन्य जातजातिमा पनि हिन्दूहरूकै संख्या ज्यादा छ ।

तालिका नं. १३

परिवारमा सदस्य संख्या अनुसार जनसंख्या

परिवारमा सदस्य रहेको संख्या	परिवार संख्या	जम्मा सदस्य संख्या	परिवार संख्या प्रतिशत
१	४४८	४४८	०.८१
२	१३६६	२७३२	४.९३
३	२१०८	६३२४	११.४२
४	३००१	१२००४	२१.६८
५	२५३७	१२६८५	२२.९१
६	१५८५	९५१०	१७.१७
७	६९७	४८७९	८.८१
८	३५१	२८०८	५.०७
९	१८७	१६८३	३.०४
१०	८७	८७०	१.५७
११	४७	५१७	०.९३
१२	२९	३४८	०.६३
१३	१६	२०८	०.३८
१४	७	९८	०.१८
१५	६	९०	०.१६
१७	४	६८	०.१२
१८	६	१०८	०.२०
जम्मा	१२४८२	५५३८०	१००.००

श्रोतः जनगणना प्रतिवेदन, २०६८ ।

माथिको तालिकामा देखाइए अनुसार मोरङको रतुवामाई नगरपालिकामा १ जनादेखि १८ जनासम्म सदस्य संख्या भएका परिवार पाइएका छन् । यिनमा सवैभन्दा ज्यादा १८ जना सदस्य भएको परिवारको संख्या छवटा छन् । यसैगरी १५ र १७ जना सदस्य हुने छ र चार परिवार तथा

१४ जना सदस्य हुने ७ परिवार छन् । यसरी घरमा १४ जनाभन्दा ज्यादा सदस्य हुने परिवार यस नगरपालिकामा १६ वटा छन् ।

तालिका नं. १४

राष्ट्रियता तथा जातियता अनुसार जनसंख्याको विवरण

जातियता	राष्ट्रियता			जम्मा
	नेपाली	भारत	अन्य मुलुकका	
आदिवासी जनजाति	२०३०८	३६	३५	२०३७९
दलित	४९१०	१६	५	४९३१
मधेशी पिछडा वर्ग	११२९५	७२	१७	११३८४
अन्य जातजाति	१८६६४	७	१५	१८६८६
जम्मा	५५१७७	१३१	७२	५५३८०

स्रोत: जनगणना प्रतिवेदन, २०६८ ।

माथिको तालिकामा देखाइए अनुसार मोरङको रतुवामाई नगरपालिकामा भारत र अन्य मुलुकका पनि मानिसहरूको बसोबास गरेको पाइएको छ । यहाँका ५५३८० जनसंख्यामध्ये नेपाली ५५१७७ जना छन् । यता भारतीयको संख्या १३१ जना र अन्य मुलुकका मानिसको संख्या भने ७२ जना छ । यस नगरपालिकामा अन्य मुलुकका मानिसहरू व्यापार व्यवसाय गरेर तथा स्वयम्सेवकका रूपमा काम गरेर बसेका देखिन्छन् ।

साक्षरता

वि.सं. २०६८ सालको जनगणना अनुसार मोरङको रतुवामाई नगरपालिकामा साक्षरता प्रतिशत जम्मा ६७.१३ प्रतिशत रहेको छ । यहाँ पुरूष साक्षरता ७६.६९ प्रतिशत र महिला साक्षरता दर ५८.६२ प्रतिशत रहेको देखिन्छ । यसलाई तलको तालिकामा पनि देखाइएको छ ।

तालिका नं. १५

नगरपालिकाको साक्षरता प्रतिसत

सि नं.	शैक्षिक अवस्था	लिङ्ग		प्रतिशत
		पुरूष %	महिला %	
१	साक्षर प्रतिसत	७६.६९	५८.६२	६७.१३

स्रोत: जनगणना प्रतिवेदन, २०६८ ।

रतुवामाई नगरपालिकामा उमेर समूह तथा लिंगका आधारमा पनि साक्षरताको अवस्था वर्गीकरण गरिएको छ । यहाँ पुरूष साक्षरता केही ज्यादा र महिला साक्षरता भने केही कम छ । विशेषगरी मधेशी पिछडा वर्ग र दलितमा महिला साक्षरता दर निकै कम रहेको पाइन्छ भने अन्य जातजाति तथा आदिवासी जनजातिमा पनि महिलाहरू कम साक्षर रहेका देखिन्छ । महिलाहरूको

कम उमेरमा विवाह हुने तथा छोरीले स्कूल जान र पढ्न नहुने पुरानो शोचका कारण अधि महिलाहरूलाई पढ्न दिईंदैनथ्यो । तसर्थ महिला साक्षरता दर कम भएको हो । तर आज आएर भने यस्तो सोचमा परिवर्तन हुँदै गएको छ र महिला साक्षरताको दर पनि बढ्दो क्रममा छ । यसलाई तलको तालिकामा पनि देखाइएको छ ।

तालिका नं. १६

उमेर समूह तथा लिङ्ग अनुसार निरक्षर र साक्षरताको विवरण

सि.नं.	उमेर समूह	पुरूष			महिला		
		निरक्षर	साक्षर	साक्षर प्रतिशत	निरक्षर	साक्षर	साक्षर प्रतिशत
१	५-१५	७६५	६२९०	८९.१६	९१८	५९८२	८६.७०
२	१६-४५	२३३२	८६०३	७८.६७	५२२८	८५०४	६१.९३
३	४६-६०	१३१४	२०१६	६०.५४	२८३४	७७६	२१.५०
४	६१ भन्दा माथि	१०६७	११०८	५०.९४	१९२७	१८७	८.८५
	जम्मा	५४७८	१८०१९	७६.६९	१०९०७	१५४४९	५८.६२

श्रोतः जनगणना प्रतिवेदन, २०६८ ।

रतुवामाई नगरपालिकामा पुरूषका तुलनामा महिलाहरूको साक्षरता दर कम छ । यस नगरपालिकामा कुनै पनि उमेर समूहमा पुरूषको भन्दा महिलाको साक्षरता दर ज्यादा रहेको छैन । यहाँ सबैभन्दा कम साक्षरता भएको समूह ६१ वर्षभन्दा माथिको उमेर समूहका मानिसहरू पर्दछन् । यसमा पनि पुरूष साक्षरता दर ५०.९४ प्रतिशत रहेको छ भने महिला साक्षरता दर भने यसभन्दा निकै कम मात्र ८.८५ प्रतिशत रहेको देखिन्छ । अधिल्लो पुस्ताका मानिसहरू भएको कारण यो समूहको साक्षरता दर कम रहेको हो ।

जातिगत समूहको साक्षारता

रतुवामाई नगरपालिकाको जातिगत आधारमा साक्षरताको अवस्था हेर्दा सबै जातजातिमा साक्षरता दर एकै प्रकारको रहेको पाईंदैन । सामान्यतया अन्य जातजातिमा साक्षरता दर ज्यादा रहेको पाइन्छ भने आदिवासी जनजाति, दलित र मधेशी पिछडावर्गमा यो दर पनि कम रहेको देखिन्छ । तलको तालिकामा यस नगरपालिकाको जातिय आधारमा साक्षरता र निराक्षरता दर देखाइएको छ ।


तालिका नं. १७

जातजाति अनुसार निराक्षर र साक्षरताको विवरण

सि.नं.	जातजाति	निरक्षर	साक्षर	कुल जनसंख्या	साक्षरता प्रतिशत
१	आदिवासी जनजाति	६२४०	१२१५६	१८३९६	६६.०८
२	दलित	१८९५	२५०१	४३९६	५६.८९
३	मधेशी पिछडा वर्ग	४७१५	५१७८	९८९१	५२.३३
४	अन्य जातजाति	३५३५	१३६३४	१७१६९	७९.४१
जम्मा		१६३८५	३३४६७	४९८५२	६७.१३

श्रोतः जनगणना प्रतिवेदन, २०६८ ।

माथिको तालिकामा देखाईए अनुसार यस नगरपालिकाका सबैभन्दा बढी साक्षरता दर अन्य जातजातिका मानिसहरूमा रहेको छ । यस नगरपालिकामा उनीहरूको जनसंख्या दोस्रो ज्यादा रहेको छ । त्यस्तै मधेशी पिछडा वर्गको साक्षरता दर अन्य सबै समुदायको भन्दा कम छ । तिनीहरूको साक्षरता दर ५२.३३ प्रतिशत मात्र रहेको देखिन्छ । यस्तै दलित वर्गको साक्षारता दर ५६.८९ प्रतिशत तथा आदिवासी जनजातिका भने ६६.०८ प्रतिशत रहेको पाइन्छ । यहाँका प्राय सबै जातजातिमा साक्षरता दर करिब बराबरीनै जस्तो रहेको देखिन्छ । यसलाई तलको लेखाचित्रमा पनि देखाइएको छ ।



तालिका नं. १८

लिङ्ग अनुसार ५ वर्ष वा सो भन्दा माथिको जनसंख्यामा उत्तिर्ण गरेको शिक्षा तह

वडा नं.	लिंग	निरक्षर	साक्षर	जम्मा	साक्षर प्रतिशत
१	पुरुष	७१	१३२४	२०७५	६३.८१
	महिला	११४९	८७१	२०२०	४३.१२
	जम्मा	१९००	२१९५	४०९५	५३.६०
२	पुरुष	७२०	१२९९	२०१९	६४.३४
	महिला	१४०२	९४७	२३४९	४०.३२
	जम्मा	२१२२	२२४६	४३६८	५१.४२
३	पुरुष	६५०	१६२४	२२७४	७१.४२
	महिला	१११०	१११४	२३०४	४८.३५
	जम्मा	१८४०	२०३८	४५७८	५९.८१
४	पुरुष	७१०	२०८२	२७९२	७४.३७
	महिला	१३८५	१५२८	२९१३	५२.४५
	जम्मा	२०९५	३६१०	५७०५	६३.२८
५	पुरुष	८१८	२५४०	३३५८	७५.६४
	महिला	१५४९	१९८८	३५३७	५६.२१
	जम्मा	२३६७	४५२८	६८९५	६५.६७
६	पुरुष	२९८	२९८०	२४७८	८७.९७
	महिला	८१२	२०९७	२९०९	७२.०९
	जम्मा	१११०	४२७७	५३८७	७९.३९
७	पुरुष	५२२	१६१६	२१३८	७५.५८
	महिला	१०५३	१४७२	२५३६	५८.०८
	जम्मा	१५८५	३०८९	४६७४	६६.०९
८	पुरुष	३७०	१९३३	२३०३	८३.९३
	महिला	८०७	२०३४	२८४१	७१.४९

	जम्मा	११७७	३९६७	५१४४	७७.१२
९	पुरूष	३५८	१७००	२०५८	८२.६०
	महिला	८०१	१६८७	२४८८	६७.८१
	जम्मा	११५९	३३८७	४५४६	७४.५१
१०	पुरूष	२८१	१७१९	२०००	८५.९५
	महिला	७४९	१७११	२४६०	६९.५५
	जम्मा	१०३०	३४३०	४४६०	७६.९१

श्रोतः जनगणना प्रतिवेदन, २०६८ ।

माथिको तालिकामा देखाईए अनुसार यस नगरपालिकाका सबैभन्दा बढी साक्षरता दर भएको वडा ६ नं. हो, जहाँ ७९.३९ प्रतिशत मानिसहरू साक्षर छन् । यसैगरी सबैभन्दा कम साक्षर भएको वडा भने वडा नं. २ हो, जहाँ साक्षरता दर ५१.४२ प्रतिशत रहेको छ ।

उत्तीर्ण गरेको तह

